# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ७ संख्याः १२ मितिः २०८०।१२।२०


## भाग - २

## नगर युवा परिषद् संचालन तथा व्यवस्थापन कार्यविधि,२०८०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १५ दफा १०२ को अधिकार प्रयोग गरी यस शिवराज नगरपालिकाले यो **नगर युवा परिषद् संचालन तथा व्यवस्थापन कार्यविधि,२०८०** जारि गरेको छ।

# नगर युवा परिषद् संचालन तथा व्यवस्थापन कार्यविधि,२०८०

*नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८०/१०/२६*

**प्रस्तावना :**

शिवराज नगरपालिकाका युवाहरूको हक, हित र अधिकारको संरक्षण, प्रवर्द्धन र संवर्धन गर्न युवामैत्री स्थानीय शासन प्रवर्द्धन गर्दै उनिहरूको सशक्तीकरण एवं समग्र विकासका साथै शिक्षा, सिप, उद्यमशिलताका माध्यमबाट स्वास्थ, अनुशासित र स्वरोजगार युवाहरूको विकास गर्न तथा स्थानीय स्रोत र साधनको अधिकतम उपयोगबाट समुन्नत नगरपालिका निर्माणका लागि नीति निर्माण देखि कार्यान्वयन तहसम्म युवाहरूको सार्थक सहभागिता जुटाई सबै वर्ग, तह र समुदायमा युवाहरूलाई नगर विकासको मुल प्रवाहमा समाहित गर्न वाञ्छनीय भएकोले,
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १५ दफा १०२ को अधिकार प्रयोग गरी शिवराज नगरपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद—१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१. यस कार्यविधिको नाम **"शिवराज नगरपालिकाको नगर युवा परिषद् संचालन तथा व्यवस्थापन कार्यविधि,** २०८०" रहेको छ।

२. यो कार्यविधि प्रमाणीकरण भई राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क. **"अध्यक्ष"** भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ।

ख. **"उपाध्यक्ष"** भन्नाले परिषद्को उपाध्यक्ष सम्झनु पर्छ।

ग. **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस कार्यविधिको अधिनमा रहि बनेका वा निर्णय गरिएका नियमहरूमा कार्यपालिका वा नगरसभाबाट तोकिएको वा तोकिए बमोजिम भनि सम्झनु पर्छ।

घ. **"परिषद्"** भन्नाले यस कार्यविधिको दफा ५ बमोजिम स्थापना भएको नगर युवा परिषद् सम्झनुपर्छ।

ङ. **"युवा"** भन्नाले राष्ट्रिय युवा परिषद् ऐनले परिभाषित गरे बमोजिमका व्यक्ति (१६ वर्षदेखि ४० वर्ष)सम्मको उमेर भएका व्यक्ती सम्झनुपर्छ।

च. **"विशेष समुदायको युवा"** भन्नाले द्वन्द्व पीडित, जोखिममा परेका, दलित, जनजाती, गरिबीको रेखामुनी रहेका, अपाङ्गता भएका वा सिमान्तकृत तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका युवा सम्झनुपर्छ।

छ. **"सदस्य"** भन्नाले नगर युवा परिषद्का सदस्यलाई जनाउँछ।

ज. **"नगर" र "नगरपालिका"** भन्नाले शिवराज नगरपालिकालाई जनाउँछ।

झ. **"क्लब"** भन्नाले यस कार्यविधिको दफा ११ बमोजिम टोल र वडामा गठन हुने युवाहरूको क्लबलाई जनाउँछ।

ञ. **"कार्यपालिका"** भन्नाले शिवराज नगरपालिकाको नगर कार्यपालिकालाई जनाउँछ।

ट. **"नगर प्रमुख"** भन्नाले शिवराज नगरपालिकाका नगर प्रमुखलाई जनाउँदछ।

ठ. **"किशोरकिशोरी तथा युवा सञ्जाल"** भन्नाले टोल, वडामा तथा नगरपालिका स्तरमा गठन भएका तथा स्थापना भई कार्य गरिरहेका किशोरकिशोरी तथा युवाहरूको सञ्जाललाई जनाउँदछ।

## परिच्छेद—२
## परिषद्को स्थापना

**३. परिषद्को स्थापना :**

१. प्रस्तावनामा उल्लिखित युवामैत्री स्थानीय शासन प्रवर्द्धन सहित युवाहरूको हक, हित र अधिकारको संरक्षण, प्रवर्द्धन र संवर्द्धन गर्नका लागि नगरपालिकामा एक नगर युवा परिषद् स्थापना गरिएको छ।

२. नगर युवा परिषद्को मुख्य कार्यालय शिवराज नगरपालिकामा रहनेछ।

३. परिषद्ले नगरपालिकाको स्वीकृति लिई नगरका अन्य स्थानमा पनि आफ्नो सम्पर्क कार्यालय संचालन गर्न सक्नेछ।

**४. परिषद् स्वशासित र सङ्गठित संस्था हुने :**

क. परिषद् एक अविछिन्न उत्तराधिकार वाला स्वशासित र सङ्गठित संस्था हुनेछ।

ख. परिषद्को काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

ग. परिषद्ले व्यक्ती सरह चल अचल सम्पत्ती आर्जन गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्थापन गर्न सक्नेछ।तर परिषद्ले अचल सम्पत्ती बेचबिखन गर्नु अघि अनिवार्य रूपमा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ।

घ. परिषद्ले व्यक्ती सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र परिषद् उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

ङ. परिषद्ले व्यक्ती सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

## परिच्छेद—३
## परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

**५. परिषद्को गठन :**

१. नगर युवा परिषद् गठन देहाय बमोजिम हुनेछ :

क. नगर प्रमुख - अध्यक्ष

ख. युवा अधिकारको क्षेत्रमा करिब पाँच वर्ष योगदान गरेका मध्ये अध्यक्षले मनोनयन गरेको एक जना युवा - उपाध्यक्ष

ग. युवा उद्यमी भई (कृषि, व्यवसाय लगायतका युवा विकासको क्षेत्रमा योगदान गरेका मध्ये) परिषद्ले मनोनीत गरेका एक जना महिला सहित दुई जना युवा - सदस्य

घ. पालिका/वडा स्तरीय युवा क्लबबाट परिषद्ले मनोनीत गरेको एक जना महिला सहित दुई जना - सदस्य

ङ. विशेष समुदायबाट परिषद्ले मनोनीत गरेको एक जना महिला सहित दुई जना - सदस्य

च. किशोरकिशोरी समूह वा मंच/बाल क्लबका पूर्व सदस्य भई काम गरेका युवाहरू मध्येबाट परिषदले मनोनीत गरेका एक जना महिला सहित दुई जना - सदस्य

छ. संघीय, प्रदेशस्तरीय नमूना युवा संसदका सहभागि वा पालिका स्तरीय नमूना सभामा सहभागि मध्येबाट नगर कार्यपालिकाले मनोनीत गरेका १ जना - सदस्य

ज. प्रमुख, सामाजिक विकास शाखा - सदस्य

झ. प्रमुख, स्वास्थ्य शाखा - सदस्य

ञ. प्रमुख, प्रशासन शाखा - सदस्य

ट. वडा प्रहरी कार्यालयका प्रतिनिधि - सदस्य

ठ. प्रमुख, महिला बालवालिका शाखा - सदस्य

ड. प्रमुख कृषि विकास शाखा - सदस्य

ढ. हरेक वडाबाट प्रतिनिधित्व हुने गरी वडा युवा संजालका प्रतिनिधिहरुबाट वडाको सिफारिसमा परिषदले मनोनयन गरेका ११ जना सदस्यहरु - सदस्य

ण. किशोर किशारी तथा युवाहरुका क्षेत्रमा काम गर्ने सामाजिक संस्थाहरुका प्रतिनिधि मध्येबाट नगर कार्यपालिकाले मनोनीत गरेका कम्तिमा १ जना महिला सहित २ जना - सदस्य

त. प्रमुख, शिक्षा, युवा तथा खेलकुद शाखा - सदस्य,सचिव

सदस्यहरु मनोन्वयन गर्दा पहिले वडा युवा सञ्जालबाट आउने प्रतिनिधिको निक्यौंल गरी त्यस पछि समावेशिकरण र लैङ्गिक अनुपात मिल्ने गरी सदस्य मनोन्वयन गर्ने।

२. परिषद्का सदस्यहरूको पदावधि ३ वर्षको हुनेछ।

३. उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा नगरपालिकाले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ।

४. उपनियम (३) बमोजिम मनोनीत सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

५. दफा (५) को उपदफा १ (ख) बमोजिमको उपाध्यक्ष पदका लागि युवाको हक, हितको संरक्षण, संवर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरेको र कम्तिमा माध्यमिक तह उत्तिर्ण गरेको प्रतिष्ठित युवा मध्येबाट मनोनयन गर्नु पर्नेछ।

६. मनोनीत सदस्यको शैक्षिक योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एस.इ.इ. उत्तिर्ण भएको हुनु पर्नेछ।

७. परिषद् अनुसार समिति र कार्यदल बनाउँदा कम्तीमा ४० प्रतिशत युवा महिला सहित समावेशी बनाउनु पर्नेछ।

**६. परिषद्को काम, कर्तव्य र अधिकार :**

यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

क. युवा सम्बन्धी नगरको दीर्घकालिन नीति तर्जुमा गरी नगरपालिका समक्ष सिफारिस गर्ने,

ख. नगरपालिकाबाट स्वीकृत नीतिको अधिनमा रही युवा सम्वन्धि वार्षिक योजना तथा कार्यक्रम बनाई नगरपालिकामा पेश गर्ने।

ग. परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट प्रस्ताव गरी नगरपालिकामा पेश गर्ने।

घ. परिषद्सँग आवद्धता प्राप्त गर्ने संघ-संस्थाहरूले पालना गर्नुपर्ने शर्तहरू निर्धारण गर्ने।

ङ. विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयम् सेवकको रूपमा परिचालन गर्ने सम्वन्धमा आवश्यक नीति निर्धारण गर्ने,

च. युवालाई नगर तथा राष्ट्र निर्माणमा सहभागी हुन उत्प्रेरीत गर्ने,

छ. युवा विकास, सशक्तीकरण एवं मूलप्रवाहीकरण सम्वन्धि विषयमा संघीय सरकार, प्रदेश सरकार र नगरपालिकालाई राय-सुझाव दिने,

ज. नगर स्तरमा युवा जागरण, सशक्तिकरण र परिचालनका कार्यक्रमहरू संचालन गर्ने,

झ. नगर स्तरमा युवामा विशेष सीप र उद्यमशीलता प्रवर्द्धन, सुशासन प्रवर्द्धन, विपद् व्यवस्थापन, स्वयम् सेवकिय कार्य परामर्श, प्रजनन् स्वास्थ्य, खेल, विज्ञान तथा प्रविधि प्रवर्द्धन गर्दै सामाजिक एवम् आर्थिक रुपान्तरणमा टेवा पुर्याउने कार्य गर्ने,

ञ. युवाका क्षेत्रमा काम गर्न राष्ट्रिय युवा परिषद् र प्रदेश युवा परिषद् सहित अन्य सरोकारवाला संघ-संस्थासँग समन्वय तथा सहकार्य गर्ने,

ट. परिषद्को लागि आवश्यक कर्मचारीको दरवन्दी संख्या निर्धारण गरी प्रस्ताव गर्ने,

ठ. युवाका क्षेत्रमा संघ, प्रदेश तथा अन्य पालिका तहसँग समन्वय, सहकार्य र अनुभव आदान प्रदान गर्ने,

ड. युवाहरू बिच नवप्रवर्तन तथा विशेष क्षमता अभिवृद्धिका कार्यहरू गर्ने,

ढ. नगरमा रहेका बालक्लब, बाल संजाल तथा अन्य संघ संस्थासँग समन्वय र सहकार्य गरी सामाजिक विकृती तथा कु-प्रथा अन्त्य गर्न पहल गर्ने,

ण. नगरलाई बालमैत्री, पोषण मैत्री, बालश्रम मुक्त, बालविवाह मुक्त, लैङ्गिकमैत्री, वातावरणमैत्री जस्ता अभियानको नेतृत्व गर्दै स्थानीय तहलाई युवामैत्री स्थानीय शासन प्रवर्द्धन गर्न अभियान संचालन गर्ने,

त. स्थानीय तहमा युवाहरूको तथ्य तथ्याङ्कहरू व्यवस्थित गर्ने,

थ. स्थानीय तहमा युवाक्लब सञ्जालहरू निर्माण, गठन र स्वम्सेवकको नामावली सङ्कलन र विपद् वा जोखिममा परेको अवस्थामा सहयोग गर्ने/सहजीकरण गर्ने,

द. बालबालिका, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरू र महिलाहरूका हितमा कार्यहरू गर्ने,

ध. कृषि उत्पादन, वातावरण संरक्षण, पर्यटन प्रवर्द्धन, अन्ध विश्वास, सार्वजनिक शिक्षाको सवलीकरण, लैङ्गिक हिंसा, जातीय विभेद, छुवाछुत विरुद्धका कार्यमा युवालाई अभिप्रेरित गर्ने,

न. तोकिएका अन्य कार्यहरू गर्ने।

**७. परिषदको बैठक र निर्णय :**

१. परिषद्को बैठक आवश्यकता अनुसार बस्न सक्नेछ। तर दुई बैठक बिचको अन्तर सामान्यत ३ महिना भन्दा बढी हुने छैन।

२. परिषद्को बैठक अध्यक्षको निर्देशनमा उपाध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

३. परिषदको बैठक बस्नु भन्दा कम्तीमा ३ दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्का सदस्य-सचिवले सदस्यहरूलाई दिनु पर्नेछ।

४. परिषदमा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

५. परिषद्को बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ।

६. परिषदको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

७. परिषद्को बैठकको निर्णय सदस्य-सचिव र अध्यक्षले प्रमाणित गरी छुट्टै किताबमा राखु पर्नेछ।

८. कुनै विशेषज्ञ वा पदाधिकारी वा आवश्यक व्यक्तिलाई परिषद्को बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सकिनेछ।

९. परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आँफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद—४

## कार्यकारी समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**८. कार्यकारी समितिको गठन :**

१. परिषद्को कामलाई छिटो, छरितो र सरल बनाउन कार्यकारी निकायको रूपमा एक कार्यकारी समिति रहनेछ।

२. कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछ :

क. परिषद्को उपाध्यक्ष - अध्यक्ष

ख. परिषद्का सदस्यहरू मध्येबाट कम्तिमा एकजना महिला सहित परिषद्ले मनोनीत गरेका ३ जना (बालक्लबका पूर्व सदस्य/किशोरकिशोरी सञ्जालमा कार्य गरेका अनुभव भएका समेत पर्ने गरी) - सदस्य

ग. नगरपालिकाले तोकेको कर्मचारी(शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख)- सदस्य,सचिव

३. उपनियम (२) को खण्ड (ग) बमोजिमको सदस्यको पदावधि परिषदको सदस्य कायम रहे सम्मको अवधिका लागि हुनेछ।

**९. कार्यकारी समितिको बैठक र निर्णय :**

१. कार्यकारी समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

२. कार्यकारी समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ।

३. उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपाध्यक्षको अनुपस्थितिमा सदस्य- सचिवले समितिका सदस्यहरूसँग परामर्श गरी तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्न सक्नेछ।

४. कार्यकारी समितिको बैठक हुनुभन्दा कम्तीमा ३ दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले समितिका सदस्यहरूलाई दिनेछ।

५. कार्यकारी समितिको कुल सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

६. कार्यकारी समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा समितिका सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ।

७. कार्यकारी समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

८. कार्यकारी समितिको बैठकको निर्णय सदस्य-सचिवले प्रमाणित गरी राख्नु पर्नेछ।

९. कार्यकारी समितिले आवश्यक ठानेमा समितिको कामसँग सम्बन्धित कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

१०. कार्यकारी समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आँफैले निर्धारण गरे बमोजिम हुनेछ।

**१०. कार्यकारी समितिको काम, कर्तव्य र अधिकार :**

यस कार्यविधिमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

क. परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिको लागि परिषद् समक्ष पेश गर्ने,

ख. परिषद् बाट स्वीकृत नीति र मार्गदर्शनको अधिनमा रही युवा विकास, परिचालन तथा युवा सशक्तिकरण सम्बन्धी प्रवर्धनात्मक कार्यक्रम संचालनन गर्ने/गराउने,

ग. युवा सम्वन्धि विभिन्न निकायद्धारा संचालित कार्यक्रमको समन्वय गर्ने,

घ. युवालाई विकासको मुल प्रवाहमा परिचालन गर्न अभियानमूलक कार्यक्रम संचालन गर्ने,

ङ. युवा सम्वन्धि सूचनाको व्यवस्थापन गर्ने तथा एकिकृत तथ्याङ्क तयार गर्ने,

च. परिषद्को मातहतमा रही दैनिक कार्य संचालन गर्ने,

छ. परिषद्को निर्देशन बमोजिमका अन्य कार्यहरू गर्ने।

ज. परिच्छेद ३ को ६ का उद्देश्यहरू पूरा गर्न आवश्यक कार्यहरू गर्ने ।

## परिच्छेद—५

## युवाक्लब तथा युवा संञ्जाल गठन तथा काम, कर्तव्य र अधिकार

**११. युवाक्लब तथा युवा सञ्जालको गठन :**

१. नगरपालिका क्षेत्रका टोल/समुदाय स्तरमा युवाक्लब गठन गरी वडा र पालिका स्तरमा युवा सञ्जाल गठन गरिने छ।

२. सम्वन्धित टोल/समुदाय स्तरमा युवाहरूको भेलाले अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषध्यक्ष १/१ जना तथा ४ देखि ६ जनासम्म सदस्य रहने गरी युवाक्लबको ४० प्रतिशत महिला युवा सहित समावेशी कार्य समिति गठन गर्न सकिनेछ। त्यसको कार्यकाल २ वर्षको हुनेछ।

३. उपदफा (२) बमोजिमको कार्य समितिको सदस्य हुन देहायको योग्यता पुगेको हुनु पर्नेछ।

क. सम्वन्धित टोल समुदायमा स्थायी बसोवास गरेको।

ख. उमेर १६ वर्ष पूरा भई ४० वर्ष ननाघेको।

४. उपदफा (३) बमोजिम गठन भएको युवाक्लबको कार्य समितिले नगरपालिकाको कार्यालयमा दर्ता/सूचीकृत वा आवद्धताको लागि निवेदन दिनुपर्नेछ।

५. नगरपालिकाको कार्यालयमा दर्ता/सूचीकृत वा आवद्धताका लागि युवा क्लबबाट उपदफा (४) बमोजिम निवेदन प्राप्त भएमा सूचीकृत आवद्धता वा दर्ता गरी प्रमाण-पत्र दिनुपर्नेछ।

६. युवा क्लबले सम्वन्धित वडाको जनप्रतिनिधि समावेस गरी बढीमा ५ जनासम्म रहेको सल्लाहकार समितिको गठन गर्नु पर्नेछ।

७. अन्य निकायमा दर्ता भएका युवा क्लबहरूले नगरपालिकामा सूचीकृत वा आवद्धता प्रमाण-पत्र प्राप्त गरेर मात्र आफ्ना कार्यक्रमहरू संचालन गर्न सक्नेछन्।

८. युवा क्लबले संचालन गरेका कार्यक्रमहरू तथा अन्य काम कुरामा सम्वन्धित वडा कार्यालयले रेखदेख, अनुगमन तथा मार्गदर्शन गर्न सक्नेछ।

९. उपदफा (८) बमोजिम वडा समितिले दिएको निर्देशन र सुझाव पालना गर्नु वडा युवा क्लबको कर्तव्य हुनेछ।

१०. युवा क्लबमा एकै टोल समुदायमा बसोबास रहेका कम्तिमा ५० जनासम्म युवा साधारण सदस्य रहन सक्नेछन्।

११. वडा र पालिका स्तरमा युवा क्लब बनाउँदा १६-२४ उमेर समूह र २५-४० का उमेर समूहका व्यक्तिहरूको समावेशिताको सिद्धान्तलाई आधार मानि बनाउनु पर्नेछ।

**१२. युवाक्लबको काम, कर्तव्य र अधिकार :**

१. युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजिकरण गर्ने।

२. परिषद्सँग समन्वय र सहकार्य गरी युवा विकासका योजना र कार्यक्रम निर्माण गर्ने।

३. नगर तथा वडा स्तरमा संचालन हुने सरसफाई, वातावरण संरक्षण, युवा अधिकार, बाल अधिकार, मानव अधिकार तथा महिला अधिकारका क्षेत्रमा सचेतनामूलक कार्यक्रम संचालन गर्ने।

४. लागू औषध विरुद्धका अभियान, सामाजिक अन्धविश्वास र कुरीति विरुद्धका सचेतना अभियानहरूमा सक्रियता पूर्वक सहभागी हुने तथा कार्यक्रम संचालन गर्ने।

५. प्राकृतिक तथा अन्य प्रकोप व्यवस्थापन तथा विपद्का बेला विपद् पूर्व तयारी तथा राहत र उद्धार कार्यमा वडासमिति, परिषद् तथा नगरपालिकासँगको समन्वय र सहकार्यमा स्थानीय युवा परिचालन गरी स्वयंसेवकीय भूमिका निर्वाह गर्ने।

६. राष्ट्रिय युवा परिषद्, प्रदेश युवा परिषद्, नगर युवा परिषद् र मातहतका निकायहरू मार्फत स्थानीय स्तरमा संचालन हुने युवा लक्षित कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने।

७. प्रत्येक युवा क्लबले युवाको सहभागितामा वडा समितिको समन्वय र सहकार्यमा कम्तिमा एक उद्यम तथा एक अतिरिक्त क्रियाकलापको नेतृत्व र व्यवस्थापन गर्ने,

८. वडा स्तरमा युवाको तथ्याङ्क संकलन र व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने।

९. परिषद् तथा वडा युवा सञ्चालले निर्देशन गरे बमोजिमका अन्य कार्य गर्ने।

१०. दीगो विकासका लक्ष्यहरुलाई आ-आफ्नो क्षेत्रमा स्थानीयकरण गरी कार्यान्वयन गर्न युवाको सार्थक सहभागिताका साथ नेतृत्वदायी भूमिका खेल्ने।

११. सार्वजनिक निकायमा सूचनाको हकको कार्यान्वयन तथा सुसाशन प्रवर्द्धनमा टेवा पुर्याउने।

१२. दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गरी यसको कार्यान्वयनमा युवा परिचालन गर्ने।

१३. परिषद्को उद्देश्यहरूलाई पूरा गर्न सहयोग समन्वय र सहकार्य गर्ने।

**१३. युवा क्लबको बैठक सम्बन्धी व्यवस्था :**

१. युवा क्लबको बैठकको अध्यक्षता कार्यसमितिको अध्यक्षले गर्नेछ।

२. कुल पदाधिकारी संख्याको ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ।

३. बैठक महिनामा १ पटक अनिवार्य बस्नु पर्नेछ।आवश्यक परेमा अध्यक्षले सचिवसँग परामर्श गरी बैठक बोलाउन सक्नेछ।

४. बैठकमा भएका छलफल र निर्णय छुट्टै निर्णय पुस्तिका खडा गरी अध्यक्षले प्रमाणित गरी अभिलेख राख्नुपर्नेछ।

५. बैठक सम्वन्धि अन्य व्यवस्था युवाक्लब आँफैले निर्धारण गर्नेछ।

**१४. वडा युवा सञ्जाल सम्बन्धी व्यवस्था :**

१. वडाभित्र क्रियाशील रहेका टोल समुदायस्तरका युवाक्लबका प्रतिनिधि रहेको छुट्टै वडास्तरीय युवा सञ्जाल गठन गरिनेछ।

२. वडास्तरीय युवा सञ्जालमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष १/१ जना र ६ देखि १० जनासम्म सदस्य रहनेछन्।वडा युवा सञ्जालमा ४० प्रतिशत महिला युवा सहित समावेशी हुनेछ।

३. वडास्तरीय युवा सञ्जालको संरक्षक वडा अध्यक्ष हुनेछ।

४. आमन्त्रित गरिएको वखत युवा सञ्जालको बैठकमा उपस्थित हुनु वडाका जनप्रतिनिधिको कर्तव्य हुनेछ।

५. वडा युवा सञ्जालको कामकारवाही सञ्चालन तथा बैठक व्यवस्थापन गर्नको लागि आवश्यक पर्ने फर्निचर, मसलन्द लगायतको व्यवस्था सम्बन्धित वडा कार्यालयबाट मिलाईदिनु पर्नेछ।

६. वडा युवासञ्जालको बैठक सम्बन्धी व्यवस्था यस कार्यविधिको दफा (१३)मा उल्लिखित युवाक्लबको बैठक सम्बन्धी व्यवस्था बमोजिम नै हुनेछ।

७. वडास्तरीय युवा सञ्जालको काम, कर्तव्य र अधिकार यस कार्यविधिको दफा १२ मा उल्लिखित युवा क्लवको काम कर्तव्य र अधिकार बमोजिम नै हुनेछ।यस बाहेक वडा युवा सञ्जालले देहायका थप कार्यहरू समेत सम्पादन गर्नुपर्नेछ।

८. वडा भित्र रहेका युवाक्लबहरू बीच सम्पर्क समन्वय र अनुगमन गर्ने।

९. सम्पर्क र अनुगमनका क्रममा देखिएका समस्याहरू बैठकमा छलफल गरी वडाका जनप्रतिनिधि समेतको समन्वयमा समाधान गर्ने प्रयत्न गर्ने।

१०. वडास्तरमा सञ्चालन हुने युवा सम्बन्धी र अन्य कार्यक्रमहरूमा सक्रियतापूर्वक सहभागी हुने।

११. नगरस्तरीय युवा सञ्जालसँग निकट सम्पर्कमा रहने र नगर युवासञ्जालको निर्देशन बमोजिमका कार्यहरू सम्पादन गर्ने।

१२. टोल समुदायस्तरमा युवाक्लबहरूको गठन र सञ्चालन गर्न आवश्यक सहजीकरण र सहयोग गर्ने।

१३. वडा युवा सञ्जालको नगरपालिकामा आबद्धता दर्ताको लागि आवश्यक कागजात सहित निवेदन दिई प्रमाणपत्र लिने।

१४. नगर युवा परिषद्, नगर युवा सञ्जालले सञ्चालन गरेका कार्यक्रमहरूलाई प्रभावकारी बनाउन सहयोग गर्दै बालमैत्री, पोषणमैत्री, वातावरणमैत्री, लैङ्गिकमैत्री, बालविवाह मुक्त, बालश्रममुक्त स्थानीय तह घोषणा अभियानहरूलाई अघि बढाउँदै युवामैत्री वडा बनाउन सचेतना जगाउने।

१५. नगरपालिकाले सञ्चालन गरेका अभियानमूलक अन्य कार्यक्रमहरूमा नगरपालिका र वडा कार्यालयबाट आमन्त्रण गरिएको अवस्थामा सहभागी हुने।

**१५. नगरस्तरीय युवा सञ्जालको गठन :**

१. वडा युवा सञ्जालका प्रतिनिधि समेत संलग्न हुने गरी एक नगर युवाक्लब सञ्जाल गठन गरिनेछ।

२. नगर युवा संजालमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष १/१ जना र १० जना सदस्य रहेको ४० प्रतिशत युवा महिला सहित समावेशी हुनेछ।

३. नगर युवा सञ्जालको गठन समावेशी आधारमा गरिनेछ।

४. नगर युवा सञ्जालको संरक्षकत्व नगर प्रमुखमा निहीत रहने छ।युवा सञ्जालले बढीमा ५ जना रहने गरी सल्लाहकार समिति गठन गर्न सक्नेछ।

५. नगरपालिकाका प्रमुख, उपप्रमुख वा कार्यपालिका सदस्यलाई नगर युवा सञ्जालले बैठकमा आमन्त्रण गर्न सक्नेछ।

६. नगर युवा सञ्जालको कार्यालय सञ्चालन तथा बैठक व्यवस्थापन सम्बन्धी कार्यको लागि आवश्यक पर्ने फर्निचर तथा मसलन्द सामानको व्यवस्था नगरपालिकाले मिलाउनु पर्नेछ।

**१६. नगरस्तरीय युवा संजालको काम, कर्तव्य र अधिकार :**

१. युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने।

२. परिषद्सँग समन्वय र सहकार्य गरी युवा विकासका योजना र कार्यक्रम निर्माण गर्ने।

३. नगरस्तरमा सञ्चालन हुने सरसफाइ, वातावरण संरक्षण, युवा अधिकार, बाल अधिकार, मानव अधिकार तथा महिला अधिकारका क्षेत्रमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

४. लागुऔषध विरुद्धका अभियान, सामाजिक अन्धविश्वास र कुरीति विरुद्धका चेतना अभियानहरूमा सक्रियतापूर्वक सहभागी हुने तथा कार्यक्रम सञ्चालन गर्ने।

५. प्राकृतिक तथा अन्य प्रकोप व्यवस्थापन तथा विपद्का बेला विपद् पूर्व तयारी तथा राहत र उद्धार कार्यमा वडासमिति, परिषद् तथा नगरपालिकासँगको समन्वय सहकार्यमा स्थानीय युवा परिचालन गरी स्वयंसेवकीय भूमिका निर्वाह गर्ने।

६. राष्ट्रिय युवा परिषद् प्रदेश युवा परिषद् नगर युवा परिषद् र मातहतका निकायहरू मार्फत स्थानीय स्तरमा सञ्चालन हुने युवा लक्षित कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने।

७. नगरस्तरमा युवाको तथ्याङ्क सङ्कलन र व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने।

८. नगरपालिकाले सञ्चालन गरेको बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणाको अभियान तथा सोको कार्यान्वयनमा सक्रिय रुपले सहभागी हुने।

९. नगरपालिकाले सञ्चालन गरेका अभियानमूलक अन्य कार्यक्रमहरूमा नगरपालिका र वडा कार्यालयबाट आमन्त्रण गरिएको अवस्थामा सहभागी हुने।

१०. परिषद्ले निर्देशन गरे बमोजिमका अन्य कार्य गर्ने।

**१७. युवाक्लब र युवाक्लब सञ्जालमा रहने अवधि :**

१. टोल समुदायस्तरमा गठन भएका युवाक्लब तथा वडा र नगरस्तरमा गठन भएका युवा सञ्जालको कार्यकाल गठन भएका मितिले २ वर्षको हुनेछ।

## परिच्छेद ६

## परिषद्सँग आवद्धता र कार्यक्रम सञ्चालन

**१८. युवा सम्बन्धी संघ, संस्था, युवाक्लब वा युवा सञ्जाललाई आवद्धता प्रदान गर्ने :**

१. युवाको हक, हितको संरक्षण र विकास गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएका नगरपालिका क्षेत्रभित्रका र नगरभित्र काम गर्न चाहने संघसंस्था नगर युवा परिषद्मा अनिवार्य आबद्ध हुनुपर्नेछ।

२. आबद्धताका लागि अनुसूची-१ बमोजिमको ढाँचामा तोकिएको विवरण भरी तोकिएका कागजात संलग्न राखी परिषद् समक्ष निवेदन दिनुपर्नेछ।

३. उपनियम (२) बमोजिम निवेदन दिने संघसंस्थालाई आवद्धता प्रदान गर्न उपयुक्त देखिएमा कार्यकारी समितिले रु.५,००/-दस्तुर लिई अनुसूची-२ बमोजिमको ढाँचामा आवद्धता प्रदान गर्न सक्नेछ।

४. उपनियम (३) बमोजिम आवद्ध भएका संघसंस्थाले प्रत्येक १ वर्षमा रु.२,००/- दस्तुर बुझाई नवीकरण गर्नु पर्नेछ।

५. उपनियम (३) बमोजिम परिषद्सँग आवद्ध भएका संघसंस्था, युवा क्लब र युवा सञ्जालबाट कार्यान्वयन भएका कार्यक्रमहरूको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र परिषद् समक्ष पेश गर्नु पर्नेछ।

६. प्रचलित कानून विपरीत कार्य गरेको पाइएमा, लगातार दुई आर्थिक वर्षसम्म आवद्धता नवीकरण नगरेमा र प्रतिवेदन नबुझाएमा र उद्देश्य बमोजिम कार्य नगरेमा संघसंस्थाको आवद्धता रद्द गर्न सकिनेछ।

**१९. कार्यक्रम सञ्चालन गर्न सक्ने :**

१. दफा १८ बमोजिम नगर परिषद्सँग आवद्ध भएका युवाक्लब वा संघसंस्थाले आफ्नो विधानको अधिनमा रही बेरोजगार युवालाई सीपमूलक वा स्वरोजगार सम्वन्धि तालिम प्रदान गर्न वा सशक्तीकरण गर्न, पिछडिएको समुदाय वा वर्गका युवाको हक, हितको संरक्षण गर्न खेलकुद लगायत विभिन्न कार्यक्रम संचालन गर्न सक्नेछ।

## परिच्छेद—७
## उपाध्यक्ष तथा कर्मचारी सम्बन्धी व्यवस्था

**२०. उपाध्यक्ष सम्बन्धी व्यवस्था :**

१. नगर युवा परिषद्को कार्यकारी प्रमुखको रूपमा काम गर्न परिषद्को उपाध्यक्षलाई जिम्मेवारी प्रदान गरिनेछ।

२. उपाध्यक्षले नगर कार्यपालिकाले तोके बमोजिमको पारिश्रमिक र सुविधा पाउनेछ।

३. उपाध्यक्षको पदावधि तिन वर्षको हुनेछ।

४. उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपाध्यक्षले आफ्नो पद अनुरुपको आचरण नगरेमा, पदीय जिम्मेवारी पूरा नगरेमा वा परिषद्लाई हानी नोक्सानी पुर्याएमा नगर कार्यपालिकाले निजलाई जुनसुकै बखत उपाध्यक्षको पदबाट हटाउन सक्नेछ।

५. उपनियम (४) बमोजिम उपाध्यक्षलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

**२१. उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क. परिषद् बाट स्वीकृत नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने।

ख. परिषद्को वार्षिक कार्यक्रम, योजना तथा बजेट तयार गरी परिषद् समक्ष पेश गर्ने,

ग. परिषद् तथा समितिको निर्णय कार्यान्वयन गर्न गराउने,

घ. परिषद् बाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन गर्ने, गराउने,

ङ. परिषद्को कर्मचारी व्यवस्थापन तथा अन्य व्यवस्थापकीय कार्य गर्ने,

च. संघीय र प्रदेश युवा परिषद्, जिल्ला युवा समिति, युवासँग कार्य गर्ने राष्ट्रिय, अन्तर्राष्ट्रिय नागरिक संघ-संस्थाहरूसँग समन्वय र सहकार्य गरी युवा लक्षित युवामैत्री कार्यक्रमहरू संचालन गर्ने।

छ. तोकिए बमोजिमका अन्य काम गर्ने।

**२२. कर्मचारी सम्बन्धी व्यवस्था :**

१. परिषद्को कार्य संचालन गर्न परिषद्ले सिफारिस गरी नगरपालिकाले स्वीकृत गरे बमोजिमका सङ्गठन संरचना र कर्मचारीको दरबन्दी रहने छ।

२. उपनियम (१) बमोजिमका कर्मचारी नियुक्त नभए सम्मको लागि नगरपालिकाले कुनै कर्मचारीलाई परिषद् मा काम गर्ने गरी खटाउन सक्नेछ।

## परिच्छेद—८
## परिषद्को कोष सम्बन्धी व्यवस्था

**२३. २३. परिषद्को कोष :**

१. परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ।

२. उपनियम (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्ः

क. संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त रकम,

ख. कुनै व्यक्ती वा संघसंस्थाबाट सहयोग स्वरुप प्राप्त रकम,

ग. विदेशी सरकार, अन्तराष्ट्रिय संघ-संस्था वा व्यक्तीबाट प्राप्त रकम,

घ. युवा सम्वन्धि संघ-संस्थालाई आवद्धता प्रदान गर्दा वा नवीकरण गर्दा प्राप्त रकम,

ङ. परिषद्ले आन्तरिक स्रोत परिचालनबाट आर्जित रकम,

च. अन्य कुनै स्रोतबाट प्राप्त रकम।

३. उपनियम (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि परिषद्ले आवश्यकता अनुसार नगरपालिका तथा नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

४. परिषद्को नामबाट गरिने सबै खर्चहरू उपनियम (१) बमोजिमको कोषबाट व्यहोरिने छ।

५. परिषद्को कोषमा रहने सम्पूर्ण रकम परिषद्ले तोकेको कुनै वाणिज्य बैङ्कमा परिषद्को नाममा खाता खोली उपाध्यक्ष र सदस्य-सचिवको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ। तर, यस दफा बमोजिमको सबै व्यवस्था नहुन्जेल सम्म नगरपालिकाको अन्य खर्च खाता सरह नगरपालिकाको कार्यालयबाट परिषद्को खाता संचालन गर्नेछ।

६. परिषद्को कोषको व्यवस्थापन र सञ्चालन सम्बन्धमा अन्य कुराहरू तोकिए बमोजिम हुनेछ।

**२४. लेखा र लेखापरीक्षण :**

१. समितिले आफ्नो आय-व्ययको लेखा र लेखापरीक्षण नगरपालिकाले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ।

२. नगरपालिकाले परिषद्को आय-व्ययको लेखा तत् सम्वन्धि कागजात र अन्य नगदी जिन्सी जुनसुकै बखत निरीक्षण गर्न गराउन सक्नेछ।

३. परिषद्को लेखापरीक्षण नगरपालिकाले गराउनेछ।

# परिच्छेद–९
# विविध

**२५. भाग लिन नहुने :**

परिषद्को कुनै सदस्य वा पदाधिकारीले परिषद्को ठेक्का पट्टा लिन वा आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन हुँदैन।

**२६. उपसमिति वा कार्यदल गठन गर्न सक्ने :**

१. परिषद्ले यो कार्यविधि बमोजिम आँफुले गर्नुपर्ने कार्य सम्पादन गर्नको निमित्त आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

२. उपनियम (१) बमोजिम गठित उपसमिति वा कार्यदलको कार्यकाल तथा काम, कर्तव्य र अधिकार सो उप-समिति वा कार्यदल गठन गर्दाका बखत परिषद् वा कार्यकारी समितिले तोके बमोजिम हुनेछ।

**२७. वार्षिक प्रतिवेदन :**

१. परिषद्ले आँफुले वर्षभरी गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र नगरपालिका समक्ष पेश गर्नु पर्नेछ।

२. उपनियम(१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त परिषद् र युवा क्लबहरूले वर्षभरीमा सम्पादन गरेका कामहरू र तिनको उपलब्धी, त्यस्ता कामको लागि गरेको खर्च, परिषद्को कोषको तथा स्रोत साधनको अवस्था, परिषद् बाट भएका अन्य काम कारवाही तथा युवाको क्षेत्रमा देखिएका समस्या र सो को समाधानका उपाय समेतको विवरण उल्लेख गर्नु पर्नेछ।

**२८. निर्देशन दिन सक्ने :**

१. नगरपालिकाले परिषद्को काम कारवाही तथा सुधारको विषयमा आवश्यक निर्देशन, समन्वय र सहजीकरण गर्न सक्नेछ।

२. उपनियम (१) बमोजिम दिईएको राय सुझाव तथा निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ।

**२९. अधिकार प्रत्यायोजन :**

१. परिषद्ले यो कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार कार्यकारी समिति, अध्यक्ष वा उपाध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ।

२. कार्यकारी समितिले यो कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको अध्यक्ष, कुनै सदस्य, सदस्य-सचिव वा परिषद्को कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

**३०. शपथ ग्रहण गर्नुपर्ने :**

परिषद् र कार्यकारी समितिका पदेन सदस्य बाहेकका अन्य सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि परिषद्को अध्यक्ष समक्ष अनुसूची-३ बमोजिमको शपथ लिनु पर्नेछ।

**३१. सहयोग गर्नुपर्ने :**

परिषद्को काम कारवाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु नगरपालिका र मातहतका निकाय सबैको कर्तव्य हुनेछ।

**३२. परिषद् विघटन :**

१. परिषद्ले यस कार्यविधिको उद्देश्य बमोजिम काम गर्न नसकेमा नगरपालिकाले जुनसुकै बखत परिषद् वा कार्यकारी समिति विघटन गर्न सक्नेछ।

**३३. सहकार्य :**

नगर युवा परिषद्का उद्देश्यहरू पुरा गर्न नागरिक संघ-सङ्गठन, विकासका साझेदार संस्था,संयुक्त राष्ट्र संघीय निकाय र निजी क्षेत्रसँग आर्थिक भार नपर्ने गरी दुवै तर्फको स्रोत जुटाएर संयुक्त लोगो राखेर कार्यक्रम संचालन गर्न सकिनेछ।

**३४. सम्पर्क राख्ने :**

परिषद्ले संघीय सरकार र प्रदेश सरकारसँग सम्पर्क र समन्वय गर्नु परेमा नगरपालिका मार्फत गर्नु पर्नेछ।

**३५. विनियम बनाउने अधिकार :**

१. यो कार्यविधिको अधिनमा रही परिषद्ले आवश्यक विनियम वा निर्देशिका बनाई स्वीकृतिका लागि नगरपालिकामा पेश गर्न सक्नेछ।

२. उपनियम (१) बमोजिम आर्थिक व्यवभार पर्ने विषयमा विनियम वा निर्देशिका बनाउँदा परिषद्ले कार्यपालिकाको स्वीकृति लिनु पर्नेछ।

**३६. कार्यविधिको व्याख्या :**

यो कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा वा विवाद भएमा नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

## अनुसूची -१
## (नियम १८ को उपनियम (२) सँग सम्वन्धित)
## युवाक्लब तथा संघसंस्थाहरूले आवद्धताका लागि दिने निवेदनको ढाँचा

मिति : ......................

श्री नगर युवा परिषद्

शिवराज नगरपालिका।

**विषयः आवद्धता सम्बन्धमा।**

शिवराज नगरपालिकाको नगर युवा परिषद्को कार्यविधि २०८० बमोजिम परिषद्सँग आवद्ध हुन चाहेकाले देहायको विवरण खुलाई आवश्यक कागजात संलग्न गरी आवद्धताका लागि यो निवेदन पेश गरेको छु।परिषद्सँग आवद्धता भए वापत पालन गर्नुपर्ने शर्तको पालना गर्न मञ्जुर छौं।

१. युवाक्लब/युवाक्लब सञ्जाल वा संघसंस्थाको नाम :

२. ठेगाना :............नगरपालिका, वडा नं. :..................जिल्ला....................

(ग) फोन नम्वर :................. घ) ईमेल :................................

ङ) वेभसाईट :.................................

३. युवाक्लब वा संस्थाका मुख्य पदाधिकारीको नाम, ठेगाना र सम्पर्क :

क)

ख)

ग)

घ)

ङ)

४. संलग्न गर्नु पर्ने कागजातहरू :

क) संघसंस्था दर्ताको प्रमाणपत्र :

ख) निवेदक युवाक्लब वा संघसंस्थाको विधानको प्रतिलिपि :

ग) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन :

निवेदककोः नाम/थरः

ठेगानाः

दस्तखतः

पदः

संघसंस्थाको नामः

ठेगानाः

संस्थाको छापः

## अनुसूची -२
**(नियम १८ को उपनियम (३) सँग सम्वन्धित)**

**परिषद्मा आवद्धताको प्रमाण-पत्र**

श्री......................................ले मिति...........................मा यस परिषद् मा आवद्ध हुन पाऊँ भनि दिएको निवेदन उपर कारवाही हुँदा परिषद्को मिति........................ को निर्णयानुसार त्यस युवा क्लब/संघ-संस्थालाई नगर युवा परिषद् कार्यविधि, २०८० को नियम १८ को उपनियम (३) बमोजिम शिवराज नगर युवा परिषद् मा आवद्ध गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

१. आवद्धता नम्बर : मिति :

२. आवद्धता कायम रहने अवधि :

**प्रमाण-पत्र जारी गर्ने अधिकारीको**

नाम, थर :-

पद :-

मिति :-

समितिको छाप :-

**यस पानाको पछाडि नवीकरण सम्बन्धी विवरण रहने**

| क्र.सं. | नवीकरण मिति | नवीकरण बहाल रहने मिति | नवीकरण शुल्क र रसिद नं. | नवीकरण गर्ने कर्मचारीको दस्तखत | प्रमाणित गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|

# अनुसूची -३
## (नियम ३० सँग सम्वन्धित)
## शपथ

म .......................(नाम) मूलुक र जनताप्रति बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु देश र जनताका नाममा शपथ लिन्छु कि शिवराज नगरपालिका नगर युवा परिषद्को.............. पदको हैसियतले मलाई तोकिएको काम मैले जाने बुझेसम्म कर्तव्य सम्झी देश तथा समाज प्रति बफादार रही, भय, पक्षपात वा द्वेष नराखी, लोभ, लालच, मोह नगरी इमान्दारीपूर्वक प्रचलित कानूनको अधिनमा रही पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आँफुलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहँदा वा नरहँदाको जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्ने छैन।

**शपथ ग्रहण गर्नेको**

नाम :

दस्तखत :

मिति :

पद :

**शपथ ग्रहण गरेको प्रमाणित गर्नेको**

नाम :

दस्तखत :

मिति :

पद :

*प्रमाणिकरण मिति : २०८०/१२/१९*

**आज्ञाले,**

**बाबुराम पौडेल**

**प्रमुख प्रशासकीय अधिकृत**